# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (कर्णाली प्रदेश)

## प्रथम अर्ध-वार्षिक प्रतिवेदन
## (आ.व.२०७७/७८)




# नेपाल राष्ट्र बैंक
# सुर्खेत

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयमा आफुले गरेको तथ्याङ्कगत विश्लेषणको जानकारी नियमितरुपले सार्वजनिकरुपमा प्रकाशन र प्रसारण गर्ने गर्दछ । साथै, नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी विभिन्न अन्तर्राष्ट्रिय संघ सस्थाहरुलाई नियमितरुपमा जानकारी गराउनको लागि समेत वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण गर्दै आईरहेको छ ।

स्थानीयस्तरको वास्तविक आर्थिक अवस्था तथा समस्याहरु यथार्थपरक ढङ्गले औंल्याउन सकियोस् र स्थानीय स्तरको आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा हुनसकोस् भन्ने उद्देश्यले आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवम् तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण तथा प्रक्षेपण, प्रतिवेदन लेखन लगायत समय-समयमा विशेष अध्ययनको कार्यसमेत गर्दै आएको छ ।

आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् स्तरको जानकारी प्राप्त हुने कारण दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । आर्थिक गतिविधिको विश्लेषण, अनुमान तथा प्रक्षेपण गर्ने मूल आधार समयमै प्राप्त हुने विश्वसनीय सूचना तथा तथ्याङ्क हुने हुँदा यस्तो सूचना तथा तथ्याङ्कको माध्यमद्वारा अर्थतन्त्रको विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावहरुमार्फत नेपाल राष्ट्र बैंकले नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउँदछ ।

संघीयता कार्यान्वयन भएपश्चात प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न सुर्खेत कार्यालयले नेपाल राष्ट्र बैंक अनुसन्धान विभागले जारी गरेको आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ अनुसार कर्णाली प्रदेशका १० वटै जिल्लाहरुलाई समावेश गरी आर्थिक वर्ष २०७७/७८ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । यस प्रतिबेदनले नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रममा र यससँग सरोकार राख्ने व्यक्ति तथा निकायहरुलाई सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

**नेपाल राष्ट्र बैंक**
**सुर्खेत कार्यालय**

# विषय-सूची

पेज नं.


| | | |
|---|---|---|
| **परिच्छेद १ : कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति** | | १-२ |
| | १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | १ |
| | १.२ अन्तरप्रदेश तुलना | १ |
| | १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | २ |
| **परिच्छेद २ : कृषि क्षेत्र** | | ३-८ |
| | २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| | २.२ कृषि उत्पादन | ४ |
| | २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ५ |
| | २.४ सिँचाइ तथा मौसम | ६ |
| | २.५ क्षेत्रगत कृषि कर्जा | ६ |
| | २.६ कृषि कर्जा | ६ |
| | २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | ७ |
| **परिच्छेद ३ : उद्योग क्षेत्र** | | ९-१० |
| | ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | ९ |
| | ३.२ क्षेत्रगत औद्योगिक कर्जा | ९ |
| | ३.३ औद्योगिक कर्जा | १० |
| | ३.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १० |
| **परिच्छेद ४: सेवा क्षेत्र** | | ११-१५ |
| | ४.१ पर्यटन | ११ |
| | ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | ११ |
| | ४.३ वित्तीय सेवा | ११ |
| | ४.४ यातायात तथा सञ्चार | १२ |
| | ४.५ शिक्षा तथा स्वास्थ्य | १२ |
| | ४.६ सेवा क्षेत्र कर्जा | १४ |
| | ४.७ सेवा क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ५ : पूर्वाधार र रोजगारी** | | १६-१७ |
| | ५.१ पूर्वाधार क्षेत्र | १६ |
| | ५.२ वैदेशिक रोजगारी | १६ |
| | ५.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | १६ |
| **परिच्छेद ६ : आर्थिक परिदृष्य** | | १८ |
| | ६.१ कृषि उत्पादन | १८ |
| | ६.२ सेवा क्षेत्र | १८ |
| | ६.३ पूर्वाधार क्षेत्र | १८ |

## तालिका सूची


| | पेज नं |
|---|---|
| तालिका १.१ : प्रादेशिक आर्थिक परिसूचकहरु | १ |
| तालिका १.२ : प्रादेशिक वित्तीय परिसूचकहरु | १ |
| तालिका २.१ : कृषि कर्जा | ७ |
| तालिका ४.१ : बैंक तथा वित्तीय संस्थाका शाखाहरु | ११ |
| तालिका ४.२ : कर्जा निक्षेप अनुपात | १२ |
| तालिका ४.३ : शिक्षा सेवा | १३ |
| तालिका ४.४ : स्वास्थ्य सेवा | १३ |
| तालिका ४.५ : क्षेत्रगत कर्जा | १४ |
| तालिका ५.१ : रोजगारी विवरण | १६ |


## चार्ट सूची


| | |
|---|---|
| चार्ट २.१ : प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र | ३ |
| चार्ट २.२ : प्रमुख कृषि बालीले उत्पादन | ४ |
| चार्ट २.३ : सिचाई क्षेत्रमा भएको बिस्तार | ६ |
| चार्ट ३.१ : औद्योगिक कर्जा लगानी स्थिति | ९ |
| चार्ट ४.१ : निक्षेप तथा कर्जा | १२ |

## सारांश

### कृषि

१. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र २.६९ प्रतिशतले बढेको छ भने यस्ता बालीको उत्पादन ६.५२ प्रतिशतले बढेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा अवधिमा धानको उत्पादन ३.८१ प्रतिशत, मकै उत्पादन १७.४५ प्रतिशत र कोदो उत्पादन १७.७५ प्रतिशतले बढेको छ । त्यसैगरी, समीक्षा अवधिमा तरकारी उत्पादन ३.२६ प्रतिशतले घटेको छ ।

३. पशुजन्य उत्पादन अन्तर्गत अण्डा २.२३ प्रतिशत, मासु २९.६८ प्रतिशत र माछा उत्पादन १५.३७ प्रतिशतले बढेको छ भने दूधजन्य उत्पादन ०.६९ प्रतिशतले बढेको छ ।

४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको कुल कर्जामध्ये ७.७४ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह भएको छ ।

### उद्योग

५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको कुल कर्जामध्ये १५.७० प्रतिशत कर्जा औद्योगिक क्षेत्रमा प्रवाह भएको छ ।

### सेवा

६. समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक आगमनको संख्या ९४.४६ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा यस प्रदेशमा पर्यटकस्तरीय होटल तथा लज संख्या ६.४३ प्रतिशतले घटेको छ भने शैया संख्या १२.७३ प्रतिशतले बढेको छ ।

७. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ५७.२२ प्रतिशत र घरजग्गा रजिष्ट्रेशन राजस्व १६२.६३ प्रतिशतले बढेको छ ।

८. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप ३७.३७ प्रतिशत र कुल कर्जा प्रवाह २१.३९ प्रतिशतले वृद्धि भएको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरुको औसत कर्जा-निक्षेप अनुपात ९८.२० प्रतिशत रहेको छ ।

९. समीक्षा अवधिमा यातायात साधन संख्यामा २.८३ प्रतिशतले कमी आएको छ । ।

१०. समीक्षा अवधिमा सरकारी/सामुदायिक विद्यालयको संख्या ०.९१ प्रतिशतले घटेको छ ।

११. समीक्षा अवधिमा सरकारी/सामुदायिक अस्पतालमा कार्यरत चिकित्सकको संख्या २९.७३ प्रतिशतले बढेको छ ।

# परिच्छेद १

# कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति

## १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

गत आर्थिक वर्ष २०७६/७७ को चैत देखि आ.ब २०७८/७९ को भदौ सम्म आईपुग्दा पटक पटक कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथामका लागि अवलम्बन गरिएको बन्दाबन्दीले प्रादेशिक अर्थतन्त्रमा संकुचन ल्याएको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ को पहिलो २ महिनामा कोरोना भाइरसको अवस्था सामान्य रहेको र आगामि दिनमा यसको प्रभाव घट्दै गएमा प्रादेशिक अर्थतन्त्रमा सुधार हुने सम्भावना देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१ खर्ब ७१ अर्ब ७५ करोड ९० लाख रहेको अनुमान छ, जुन राष्ट्रिय अर्थतन्त्रको ४.०३ प्रतिशत हुन आउँछ ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहेको अनुमान छ भने कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.० प्रतिशत, १०.७ प्रतिशत र ५६.३ प्रतिशत रहेको छ ।

## १.२ अन्तरप्रदेश तुलना

आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशको कृषि तथा बन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ३३.० प्रतिशत योगदान रहेको थियो भने उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १०.७ प्रतिशत र ५६.३ प्रतिशत रहेको थियो ।

**तालिका १.१ : प्रादेशिक आर्थिक परिसूचकहरु**

(आर्थिक बर्ष २०७७/७८)

*कुल गार्हस्थ्य उत्पादनसँगको क्षेत्रगत अनुपात*

| क्षेत्रगत परिसूचकहरु | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कृषि तथा वन क्षेत्र | ३५.२ | ३८.३ | ११.८ | २८.२ | ३१.९ | ३३.० | ३५.५ | २५.८ |
| उद्योग क्षेत्र | १६.२ | ११.५ | १०.८ | १७.५ | १४.८ | १०.७ | १३.७ | १३.१ |
| सेवा क्षेत्र | ४८.६ | ५०.२ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ | ६१.१ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।*

आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनका आधारमा तुलना गर्दा कृषि तथा वन क्षेत्रको सबैभन्दा धैरे योगदान प्रदेश नं. २ मा ३८.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम बागमती प्रदेशमा ११.८ प्रतिशत रहेको छ । त्यसैगरी, उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशमा १७.५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेश मा १०.७ प्रतिशत रहेको छ । प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशमा ७७.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम प्रदेश नं १ मा ४८.६ प्रतिशत रहेको छ ।

**तालिका १.२ : प्रादेशिक वित्तीय परिसूचकहरु**

(आर्थिक वर्ष २०७७/७८)

| | प्रदेश १ | प्रदेश २ | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| वाणिज्य बैकका शाखाहरु | ८२८ | ५६९ | १,७५२ | ७२६ | ९०१ | १९० | ३२३ | ५,२८९ |
| कुल निक्षेप (रु. अर्बमा) | ३१२.८३ | २१८.२० | २,९१२.२५ | ३३६.६० | ३६७.८५ | ४३.४३ | ९१.७० | ४,२८२.८६ |
| कुल कर्जा (रु. अर्बमा) | ४१७.१३ | ३०८.९४ | २०८१.०७ | २७६.७३ | ४१७.८५ | ४२.६४ | ११०.२० | ३,६५४.५६ |

*स्रोत: नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग ।*

२०७७ पुष मसान्तसम्म कर्णाली प्रदेशको ७९ स्थानीय तहमध्ये ७८ स्थानमा वाणिज्य बैंकहरुका १९० वटा शाखाहरु विस्तार भएका छन् । प्रदेशगत रुपमा वागमती प्रदेशमा सबैभन्दा धेरै शाखाहरु १,७५२ रहेकोमा कर्णाली प्रदेशमा सबैभन्दा कम १९० शाखा विस्तार भएका छन् ।

समीक्षा अवधिमा बैक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.०१ प्रतिशत छ भने सबैभन्दा वढी ६७ प्रतिशत बागमती प्रदेशमा रहेको छ । त्यसैगरी, कुल कर्जामा कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.१७ प्रतिशत छ भने सबैभन्दा वढी ५६.९४ प्रतिशत बागमती प्रदेशमा रहेको छ ।

## १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

समुद्री सतहदेखि झण्डै तीन सय मिटरदेखि सात हजार मिटरभन्दा बढिको उचाईमा फैलिएको यो प्रदेश धरातलीय स्वरुपमा पनि विविधतायुक्त रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्याको ५.९३ प्रतिशत जनसंख्या बसोबास भएको यस प्रदेशमा रहेका ८ वटा विमानस्थलमध्ये ७ वटा विमानस्थल सञ्चालनमा छन् भने कालिकोटको सुनथराली विमानस्थल निर्माण भएतापनि अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन । हालसम्म बैंक तथा वित्तीय संस्थाका ४०६ शाखा रहेको यस प्रदेशमा वाणिज्य बैंकहरुका १९० शाखा रहेका छन् । समग्र बैकिङ्ग क्षेत्रमा रहेको कुल निक्षेप र कर्जामा यस प्रदेशको हिस्सा क्रमशः १.०१ प्रतिशत र १.१७ प्रतिशत रहेको छ । हालसम्म ७ मेगावाट मात्र जलविद्युत उत्पादन भएको यस प्रदेशको जलविद्युत उत्पादनको कुल क्षमता भने १८ हजार मेगावाट भन्दा बढि रहेको छ ।

देशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा कम योगदान रहेको यो प्रदेश तुलनात्मकरुपमा कृषि, पर्यटन र उर्जाको क्षेत्रमा बढी सम्भावना भएको प्रदेश हो । यस प्रदेशको अधिकांश भू-भाग पहाडी तथा उच्च हिमाली क्षेत्रले ओगटेको हुँदा बहुमुल्य जडीबुटी तथा खनिज तेल, खानी र रत्नहरुको भण्डारको रुपमा रहेको छ । यस प्रदेशमा प्राङ्गारिक कृषि क्षेत्रको ठूलो हिस्सा रहेको हुँदा अर्गानिक कृषिको समेत सम्भावना रहेको छ । रारा, फोक्सुण्डो, बुलबुले जस्ता सुन्दर तालहरु, काकेविहार, दैउती वज्यै, चन्दननाथ, पञ्चकोशी ज्वाला क्षेत्र, देवलहरु जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका क्षेत्रहरु र विभिन्न फाँट तथा उपत्यकाहरुले भरिपूर्ण यो प्रदेश पर्यटन व्यवसायमा समेत उच्च सम्भावना भएको प्रदेश हो ।

साथै, यस प्रदेशबाट धेरै संख्यामा वैदेशिक रोजगारीमा जाने श्रमिकहरु रहेका र प्रदेशमा रहेका ठूला-ठूला नदीहरु तथा पानीको अन्य स्रोतबाट आधुनिक प्रविधियुक्त सिँचाई विस्तारगरी त्यस्ता श्रमिकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न सके व्यवसायिक कृषि तथा उद्यमशीलता बृद्धि भई उत्पादन र उत्पादकत्व बढाउन सक्ने सम्भावना रहेको छ । सहुलियतपूर्ण कर्जाको उच्चतम प्रयोग गरी उचित सदुपयोगिता मार्फत साना तथा मझौला उद्योगहरुको विकास र विस्तार गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशमा शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा पनि लगानीको खाँचो रहेकाले त्यसतर्फ पनि रोजगारी सिर्जना हुने देखिन्छ ।

वैदेशिक रोजगारीका लागि भारत तथा खाडी मुलुकमा जाने गरेका अधिकांश युवा जनशक्तिलाई प्रदेशमै रोजगारीको अवसर सिर्जना गरी बढ्दो गरिबी तथा बेरोजगारीलाई न्यूनीकरण गर्नु, भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको पूर्वाधार तथा आधारभूत सेवाको विस्तारगरी समग्र पूर्वाधार क्षेत्रको विकास गर्नु यस प्रदेशको मुख्य चुनौतीको रुपमा रहेको छ । परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक तथा वैज्ञानिक र रोजगारीयुक्त व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु अर्को महत्वपूर्ण चुनौती रहेको छ ।

बहुमुल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नु र महत्वपूर्ण सम्भावित खानी तथा पत्थरहरुको उत्खनन् गर्न उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु, विमानस्थलमा ग्राउण्ड ह्याण्डलिङको व्यवस्था गर्दै स्थापित होटल तथा होमस्टे व्यवसायको गुणस्तर अभिबृद्धि गरी सम्भावित क्षेत्रमा पर्यटक आवागमनलाई निरन्तरता दिने कार्य चुनौतीपूण रहेको देखिन्छ । न्यून आय तथा रोजगारीको कारणले शिक्षा तथा स्वास्थ्यको पहुँचमा आउन नसकेको जनसंख्याको हिस्सालाई न्यूनीकरण गर्दै स्थापित संयन्त्रहरुको विकास र विस्तार गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

# परिच्छेद २

# कृषि क्षेत्र

## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक बर्ष २०७७/७८ को पहिलो ६ महिनामा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.४४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.८९ प्रतिशतले बढेको थियो । बन्दाबन्दीको अवस्थाले अन्य क्षेत्र बन्द भई कृषितर्फ आकर्षित हुँदा कृषि बालीले ढाकेको क्षेत्रफल समीक्षा अवधिमा बढेको अनुमान छ।

### २.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल २.६९ प्रतिशतले बढेको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.९० प्रतिशतले बढेको थियो । समग्र प्रदेशमा गहुँ बालीले ढाकेको क्षेत्रफल ७.८० प्रतिशत, कोदो बालीले ढाकेको क्षेत्रफल ६.३८ प्रतिशत, जौ बालीले ढाकेको क्षेत्रफल ३.८५ प्रतिशत, भटमास बालीले ढाकेको क्षेत्रफल ०.७८ प्रतिशत, दलहन बालीले ढाकेको क्षेत्रफल ७.४२ प्रतिशत र उखु बालीले ढाकेको क्षेत्रफल ७७.७८ प्रतिशतले बढेको छ भने मकै बालीले ढाकेको क्षेत्रफल ०.१६ प्रतिशत, फापर बालीले ढाकेको क्षेत्रफल ६.४२ प्रतिशत र आलु बालीले ढाकेको क्षेत्रफल ३.७७ प्रतिशतले घटेको छ । आर्थिक बर्ष २०७७/७८ को पहिलो ६ महिनामा प्राप्त तथ्याङ्क अनुसार जिल्लागतरुपमा हेर्दा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी १९.५६ प्रतिशत दैलेख जिल्लामा र सबैभन्दा कम २.०२ प्रतिशत हुम्ला जिल्लामा रहेको छ।

गत वर्षको सोही अवधिमा आलु बालीले ढाकेको क्षेत्रफल ४.४३ प्रतिशत र तेलहन बालीले ढाकेको क्षेत्रफल ४.९४ प्रतिशतले घटेको थियो भने धान बालीले ढाकेको क्षेत्रफल २.२४ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल १.०४ प्रतिशत, मकैबालीले ढाकेको क्षेत्रफल ०.३८ प्रतिशत, कोदो बालीले ढाकेको क्षेत्रफल ६.३२ प्रतिशत, जौ बालीले ढाकेको क्षेत्रफल ०.८५ प्रतिशत, उखु बालीले ढाकेको क्षेत्रफल १२.५० प्रतिशत र भटमास बालीले ढाकेको क्षेत्रफल १.५३ प्रतिशतले बढेको थियो ।

**चार्ट २.१ : प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र -(हेक्टर)**




स्रोत:-कृषि विकास निर्देशनालय कर्णाली प्रदेश,कर्णाली प्रदेश योजना आयोगको ¨कर्णाली प्रदेश र जिल्ला कृषि विकास कार्यालय तथ्यांक २०७७/७८(साउन – पौष)

### २.१.२ तरकारी

समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ०.८८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.८४ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा प्राप्त तथ्याङ्क अनुसार जिल्लागतरुपमा हेर्दा यस प्रदेशमा तरकारीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी २३.०३ प्रतिशत सल्यान जिल्लामा र सबैभन्दा कम १.८३ प्रतिशत डोल्पा जिल्लामा रहेको छ ।

### २.१.३ फलफूल तथा मसला

समीक्षा अवधिमा यस प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ०.१७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुले ढाकेको क्षेत्रफल २.१३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्राप्त तथ्याङ्क अनुसार जिल्लागतरुपमा हेर्दा यस प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी २२.६५ प्रतिशत सल्यान जिल्लामा र सबैभन्दा कम २.८५ प्रतिशत रुकुम (पश्चिम) जिल्लामा रहेको छ ।

## २.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ३.८२ प्रतिशत र खाद्य तथा अन्य बालीको कुल उत्पादन ६.५२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादन ०.६५प्रतिशतले बढेको र खाद्य तथा अन्य बालीको उत्पादन २.८३ प्रतिशतले घटेको थियो । उक्त बृद्धि अनुकुल मौसम तथा कृषिक्षेत्रको बिस्तारले भएको अनुमान छ ।


### २.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा धान उत्पादन ३.८१ प्रतिशत, मकै उत्पादन १७.४५ प्रतिशत, कोदो उत्पादन १७.७५ प्रतिशत, फापर उत्पादन २३.४३ प्रतिशत र भटमास उत्पादन २०.५३ प्रतिशतले बढेको छ भने जौ उत्पादन १.२७ प्रतिशत, आलु उत्पादन ८.०९ प्रतिशत, उखु उत्पादन ३.१३ प्रतिशत, तरकारी उत्पादन ३.२६ प्रतिशत, फलफुल तथा मसला उत्पादन ०.१९ प्रतिशत र दलहन उत्पादन ६ प्रतिशतले घटेको छ ।

गत वर्षको सोही अवधिमा धान उत्पादन २.८९ प्रतिशत, दलहन उत्पादन १०.२०, आलु उत्पादन ०.०१ प्रतिशत, दलहन उत्पादन १०.२० प्रतिशतर भटमास उत्पादन १२.४२ प्रतिशतले बढेको थियो भने मकै उत्पादन ६.९८ प्रतिशत, कोदो उत्पादन १२.८० प्रतिशत, जौ उत्पादन १०.०८ प्रतिशत, फापर उत्पादन १४.४८ प्रतिशत र तेलहन उत्पादन ४.२० प्रतिशतले घटेको थियो ।

यस प्रदेशमा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन मध्ये मकै उत्पादनको हिस्सा सबैभन्दा बढी ३९.७१ प्रतिशत रहेको छ भने ऊखु उत्पादनको हिस्सा सबैभन्दा कम ०.०२ प्रतिशत रहेको छ । त्यसैगरी धान उत्पादनको हिस्सा २५.७७ प्रतिशत र आलु उत्पादनको हिस्सा २१.६९ प्रतिशत रहेको छ ।

**चार्ट २.२ : प्रमुख कृषि बालीले उत्पादन -(मे.ट)**




*स्रोत: कृषि विकास निर्देशनालय कर्णाली प्रदेश,कर्णाली प्रदेश योजना आयोगको कर्णाली प्रदेश, जिल्ला कृषि विकास कार्यालय को कृषि तथ्यांक आ.व २०७७/७८ (साउन – पौष)*

प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाको कार्यान्वयन, सरकारको कृषिप्रतिको सकारात्मक सक्रियता, तथा प्रदेश सरकारको व्यवसायीक खेतीप्रतिको सकारात्मक प्रयासले कृषि उत्पादनमा अनुकुल प्रभाव परेको छ ।

### २.२.२ तरकारी

समीक्षा अवधिमा तरकारीको उत्पादन ३.२६ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन २५.०१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा तरकारीको उत्पादनमा देखिएको ह्रास कोभिड-१९ को प्रभावले तरकारीजन्य बीउ बीजन तथा कीटनाशक औषधिको असहज आपूर्तिले भएको अनुमान गरिएको छ । समीक्षा अवधिमा तरकारी उत्पादन सबैभन्दा बढी २२.९३ प्रतिशत सल्यान जिल्लामा भएको छ भने सबैभन्दा कम २.३१ प्रतिशत हुम्ला जिल्लामा भएको छ ।

### २.२.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसलाको समग्र उत्पादन ०.१९ प्रतिशतले घटेको छ । सुन्तला उत्पादन ४४.१६ प्रतिशत, चिया उत्पादन ०.८१ प्रतिशत र कफी उत्पादन ५० प्रतिशतले बढेको छ भने आँप उत्पादन १६.०५ प्रतिशत, केरा उत्पादन ०.९४ प्रतिशत, स्याउ उत्पादन १०.८० प्रतिशत र मसला उत्पादन २.७३ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा आँप उत्पादन ९.७० प्रतिशत, केरा उत्पादन ५.२३ प्रतिशत, स्याउ उत्पादन १४.६१ प्रतिशत, अन्य फलफूलको उत्पादन १६.६८ प्रतिशत र कफी उत्पादन शतप्रतिशतले बृद्धि भएको थियो ।

समीक्षा अवधिमा यस प्रदेशमा भएको कुल फलफूल तथा मसलाको उत्पादनमध्ये सबैभन्दा बढी ४३.३४ प्रतिशत मसला (अदुवा, वेसार आदि) उत्पादनको रहेको छ भने सबैभन्दा कम आँप उत्पादनको हिस्सा ३.२० प्रतिशत रहेको छ । यसैगरी सुन्तला उत्पादनको हिस्सा १३.२० प्रतिशत, केरा उत्पादनको हिस्सा ५.१७ प्रतिशत, स्याउ उत्पादनको हिस्सा १९.६७ प्रतिशत रहेको छ ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### २.३.१ पशुपंक्षी उत्पादन

समीक्षा अवधिमा मासु उत्पादन २९.६८ प्रतिशत, दूध उत्पादन ०.६९ प्रतिशत र अण्डा उत्पादन २.२३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा मासु उत्पादन ०.८३ प्रतिशत, दूध उत्पादन ३.०२ प्रतिशत र अण्डा उत्पादन १०२.७५ प्रतिशतले बढेको थियो ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस नियन्त्रणको लागि सरकारले गरेको सकरात्मक प्रयास तथा यस क्षेत्रमा कर्जा लगानीसमेत बढेका कारण समग्र पशुजन्य उत्पादनमा वृद्धि भएको अनुमान छ ।

### २.३.२ माछा उत्पादन

समीक्षा अवधिमा माछा उत्पादन १५.३७ प्रतिशतले बढेको छ । माछापालन क्षेत्रमा कर्जा लगानी विस्तार भई स्थापित फर्मको क्षमता विस्तार भएको र नयाँ उत्पादनसमेत सुरु गरिएकोले समग्र माछा उत्पादनमा बृद्धि भएको अनुमान छ ।

### २.३.३ वनजन्य उत्पादन


समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ औषधीजन्य वस्तु उत्पादन ३.६८ प्रतिशतले बढेको छ भने काठ उत्पादन १८.७२, दाउराजन्य वस्तु उत्पादन ६.१६ प्रतिशत र अन्य उत्पादन २२.१२ प्रतिशतले घटेको छ ।

गत वर्षको सोही अवधिमा काठ उत्पादन १०.३५ प्रतिशतले घटेको थियो भने, दाउरा, औषधीजन्य वस्तु र अन्य उत्पादन क्रमशः २२.३३ प्रतिशत, २६.९७ प्रतिशत र २२५.७७ प्रतिशतले बढेको थियो । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस नियन्त्रणको लागि सरकारले गरेको बन्दाबन्दीका कारणले यस क्षेत्रको उत्पादनमा कमी भएको अनुमान छ ।

## २.४ सिँचाइ तथा मौसम

समीक्षा अवधिमा यस प्रदेशको कुल सिँचित क्षेत्रफल १.५५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिँचित क्षेत्रफल ०.३२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुलोद्वारा सिँचित क्षेत्रफल ०.९८ प्रतिशत, नहरद्वारा सिँचित क्षेत्रफल ७.१५ प्रतिशत र पोखरीद्धारा सिँचित क्षेत्रफल २.७७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुलोद्वारा सिँचित क्षेत्रफल ०.९३ प्रतिशतले घटेको थियो भने नहरद्धारा सिँचीत क्षेत्रफल १३.९३ प्रतिशत र पोखरीद्वारा सिँचित क्षेत्रफल १.४६ प्रतिशतले बढेको थियो । यस प्रदेशमा खेती गरिएको कुल क्षेत्रफलको ३७.५६ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ ।

**चार्ट २.३ : सिचाई क्षेत्रमा भएको बिस्तार (हेक्टर)**




*स्रोत: खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय*

## २.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि र वन क्षेत्रमा प्रवाहित कर्जा ३२.८८ प्रतिशतले वृद्धि भई रु.३ अर्ब २८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७९.५३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, माछापालन सम्बन्धी क्षेत्रमा प्रवाहित कर्जा १०.४५ प्रतिशतले बृद्धि भई रु.१ करोड ५२ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८१.७९ प्रतिशतले बृद्धि भएको थियो ।

## २.६ कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा ३२.७५ प्रतिशतले वृद्धि भई रु.३ अर्ब २९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७९.५४ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कुल प्रवाहित कर्जामध्ये ७.७४ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् । यस सम्बन्धी विवरण तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ : कृषि कर्जा (रु.दश लाखमा)**

| विवरण | आ.व. २०७५/७६ (साउन-पुस) | आ.व. २०७६/७७ (साउन-पुस) | आ.व. २०७७/७८ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| अन्न बाली | ११४.५८ | २५३.७२ | ३६९.१६ | १२१.४३ | ४५.५० |
| तरकारी बाली | १६७.५३ | ३५१.९७ | ४७१.८५ | ११०.०९ | ३४.०६ |
| चिया/कफी | | | ०.५० | | |
| सूर्ति | | | | | |
| सनपाट | ०.५६ | ०.४८ | ०.३९ | – १४.५० | – १९.३९ |
| अन्य नगदे बाली | २१.९५ | ५७.२३ | ६८.४६ | १६०.७२ | १९.६२ |
| फलफुल तथा पुष्पखेती | १५.४६ | ६९.२८ | ८९.६४ | ३४८.१३ | २९.४० |
| शीत भण्डारण | ४६.२५ | ५१.३२ | १११.६७ | १०.९७ | ११७.५८ |
| मलखाद तथा किटनासक | ३३.७१ | ६४.२६ | ५८.५० | ९०.६३ | – ८.९७ |
| पशुपालन/पशु बधशाला | २९९.९४ | ४३६.५४ | ६७७.७३ | ४५.५४ | ५५.२५ |
| पंक्षीपालन | २०५.६० | ३११.०२ | ३७५.५२ | ५१.२७ | २०.७४ |
| माहुरीपालन | ४.०२ | ३२.७१ | ३७.७६ | ७१४.२० | १५.४२ |
| अन्य कृषि तथा कृषिजन्य सेवा | ४५६.५१ | ७९३.२७ | ९३६.०७ | ७३.७७ | १८.०० |
| सिंचाई | १.३७ | ०.९५ | | – ३०.६० | – १००.०० |
| वन | ९.२४ | ४८.८६ | ८७.०३ | ४२८.९० | ७८.०९ |
| माछापालन सम्बन्धी | ७.५७ | १३.७८ | १५.२२ | ८१.९८ | १०.४६ |
| **जम्मा** | **१३८४.२९** | **२४८५.४०** | **३२९९.४९** | **७९.५४** | **३२.७५** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.७.१ चुनौती

- कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै देशमा रहेका युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गरी सबल जीवनयापनको माध्यमको रुपमा बिकास गर्नु ।
- बैदेशिक रोजगारका लागि विदेश गई कृषि सम्बन्धी ज्ञान तथा सीप हासिल गरेका जनशक्तिलाई कृषि क्षेत्रतर्फ आकर्षित गरी बाँझो रहेका खेतीयोग्य जमीनलाई उपयोग गर्दै सामुहिक व्यवसायिक खेतीतर्फ आकर्षित गराउनु ।
- कोरोना महामारीका कारण विदेश तथा स्वदेशमा रोजगारी गुमाई आफ्नो घर फर्किएका जनशक्तिलाई कृषि क्षेत्रमा आवद्ध गराई आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु ।
- कृषि सम्बन्धी आवश्यक तालिम, मलखाद तथा बिउ बीजनको सहज आपूर्ती गर्दै उत्पादित कृषिजन्य बस्तुहरुको उचित भण्डारणको व्यवस्था गरी बजारीकरणको व्यबस्था गर्नु ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन आवश्यक पर्ने आधुनिक प्रविधि र प्राविधिकहरुको सुनिश्चितता गरी सिँचाई सुविधाको व्यापक बिस्तार गर्नु ।
- प्रतिस्पर्धामक लाभ भएका कृषिजन्य बस्तुहरुको पहिचान गरी उक्त वस्तुहरुको व्यवसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गरी समग्र कृषि क्षेत्रको उत्पादकत्व अभिबृद्धि गराउनु ।
- कृषि क्षेत्रमा सीमित मात्रामा उपलब्ध रहेका स्रोतसाधनहरुको अधिकतम तथा उच्चतम प्रयोग गरी कृषि क्षेत्रलाई व्यवसायीकरण गर्दै आयआर्जनको मुख्य स्रोतको रुपमा विकास गर्नु ।

### २.७.२ **सम्भावना**

- कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएको हुँदा यसको विकास तथा प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्राङ्गारिक कृषिको विस्तार गर्न सकिने ।
- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खहरे खोला, मुल पोखरी जस्ता पानीका ठूला-ठूला स्रोतहरु उपलब्ध भएकोले आधुनिक प्रविधिमार्फत सिँचाई सुविधाको विस्तार गर्न सकिने सम्भावना रहेको ।
- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै स्वदेशमै रोजगारी प्रदान गर्न सकिने सम्भावना रहेको ।
- कृषि उपजको मूल्य निर्धारण व्यवहारिक भई सहज बजारको पहुँच हुँन सकेमा कृषकहरुलाई थप प्रोत्साहित गर्दै यस क्षेत्रमा कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।
- यो प्रदेश कृषि तथा जडिबुटिजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उधोग सञ्चालन गरी युवाहरुलाई उधमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशबाट भारत तथा अन्य वैदेशिक मुलुकहरुमा रोजगारीका लागि जाने संख्या उच्च रहेकोले त्यस्ता श्रमिकहरुलाई व्यवसायिक कृषि, उधमशिलता जस्ता क्षेत्रमा खपत गराउदै स्वदेशमै रोजगारी उपलब्ध गराउने सम्भावना रहेको ।

# परिच्छेद ३

# उद्योग क्षेत्र

## ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी


कर्णाली प्रदेशमा आ.व.२०७६/७७ मा २,६७० कम्पनी दर्ता भएका छन। यो संख्या देशमा कुल दर्ता भएका कम्पनीहरुको १.१ प्रतिशत हो। यस प्रदेशमा संचालनमा आएका साना तथा घरेलु उद्योगहरुको संख्या १७ हजार ६३ छन्। आर्थिक वर्ष २०७७/७८ मा उद्योग क्षेत्रमा कर्णाली प्रदेशको अंश ३.४२ प्रतिशत रहेको र यस प्रदेशको उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पाादनमा योगदान १०.७ प्रतिशत रहेको छ।

यस क्षेत्रबाट अध्ययनका लागि कुनै पनि उद्योगहरु छनौटमा नपरेका तथा साना एवम् घरेलु उद्योगहरुको संचालन एवम् उत्पादन पनि न्यून रहेको छ। औद्योगिक विकासका लागि आवश्यक न्यूनतम पूर्वाधार, आवश्यक दक्ष जनशक्तिको अभाव, उद्योगमैत्री पूर्वाधारको विकास तथा बिपद व्यवस्थापनका चुनौतीहरु जस्ता प्रमुख अवरोधहरुले ठुला उद्योगहरुको संचालन नभएको देखिन्छ।

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा अवधिमा विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ६२.२४ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा १.०४ प्रतिशतले वृद्धि भएको छ। यसैगरी, खानी सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा ५२.४६ प्रतिशत, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा ३९.२२ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा १६.८१ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ९.६९ प्रतिशतले बढेको छ।

**चार्ट ३.१ : औद्योगिक कर्जा लगानी स्थिति (रु दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

समिक्षा अवधिमा उद्योग क्षेत्रमा प्रवाहित कुल औधोगिक कर्जामध्ये सबैभन्दा बढी ७४.५५ प्रतिशत निर्माण सम्बन्धी उद्योगहरुमा प्रवाहित भएको छ भने सबैभन्दा कम ०.५५ प्रतिशत कर्जा खानी सम्बन्धी उद्योगहरुमा लगानी भएको छ। त्यस्तै, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगहरुमा ८.०७ प्रतिशत र गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगहरुमा १०.२१ प्रतिशत कर्जा प्रवाहित भएको छ। साथै, विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगहरुमा १.४८ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगहरुमा ५.१५ प्रतिशत औधोगिक कर्जा प्रवाहित भएको देखिन्छ।

### ३.३ औद्योगिक कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १७.५० प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ६९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४७.४२ प्रतिशतले बढेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश १५.७० प्रतिशत रहेको छ ।

### ३.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

#### ३.४.१ चुनौती

- कृषिसँग सम्बन्धित कच्चा पदार्थमा आधारित खाद्य तथा गैर खाद्य उद्योगहरु, लघु घरेलु उद्योगहरु, वनपैदावार उत्पादन प्रवर्द्धन तथा व्यवस्थापन गर्ने उद्योगहरु स्थापना गर्नु ।
- प्रदेशमा रहेको कुल जनशक्तिको अधिक हिस्सा अदक्ष जनशक्ति रहेकाले दक्ष तथा प्राविधिक जनशक्तिको विकास गर्दै उद्योगहरुको प्रर्बद्धन तथा विकास गर्दै जानु ।
- यातायात, विद्युत, सञ्चार तथा मोटर बाटोको पहुँच कम भएका उद्योगहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्दै औद्योगिक क्षेत्रको उत्पादन बढाउँदै जानु ।
- औद्योगिक क्षेत्रको स्थापना गरी बिभिन्न प्रकारका उधोगहरुको प्रवर्द्धन, व्यवस्थापन तथा संचालनको व्यवस्था गर्नु ।
- उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।
- उद्यमशीलताको विकास गरी भारत तथा अन्य मुलुकमा रोजगारीका लागि जाने युवाहरुलाई टिकाईराख्नु ।
- प्रदेशका उद्योगबाट उत्पादन भएका उत्पादित वस्तुहरुको बजारीकरण गर्दै उद्योग क्षेत्रलाई प्रोत्साहन गर्ने सकारात्मक वातावरण सिर्जना गर्नु ।
- उद्योग क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्नु ।

#### ३.४.२ सम्भावना

- उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- कृषि, उद्योग र सेवा क्षेत्रको पूर्वाधार विकास भइनसकेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रसँग सम्बन्धित उद्योगहरु (साना तथा मझौला समेत) सञ्चालन गर्न सकिने सम्भावना उच्च रहेको ।
- वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरुको सीप र दक्षतालाई परिचालन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- आवश्यक भौतिक पूर्वाधार (बाटो, सञ्चार, विजुली) निर्माणको विस्तार भएमा उपलब्ध श्रम तथा औधोगिक कच्चा पदार्थ (जडीबुटी, अल्लो जस्ता) पर्याप्त मात्रामा उपलब्ध भएकोले उद्योगहरु स्थापनाको सम्भावना उच्च रहेको ।
- सहुलियतपूर्ण कर्जा सदुपयोग गरी साना तथा मझौला उद्योगहरु (SME)को लागत कम गर्दै प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ४
# सेवा क्षेत्र

## ४.१ पर्यटन

समीक्षा अवधिमा यस प्रदेशमा  पर्यटकस्तरीय होटल तथा लजको संख्या ६.४३ प्रतिशतले घटेको छ भने होटल शैया संख्या १२.७३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक आगमन संख्या ९४.४६ प्रतिशतले घटेर १ हजार पुगेको छ । गत वर्षको सोही अवधिमा पर्यटक आगमन संख्या ५८.११ प्रतिशतले घटेर १८ हजार ३८ पुगेको थियो । समीक्षा अवधिमा अधिकांश समय लकडाउन तथा बन्दाबन्दी रहेकोले पर्यटकको आगमनमा कमी आएको हो ।

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ५७.२२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा सो संख्या ३०.९५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ९.३९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा सो संख्या ४०.६७ प्रतिशतले घटेको थियो । त्यसैगरी समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व १६२.६३ प्रतिशतले बढेर रु. २४ करोड २ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व ५४.४४ प्रतिशतले घटेको थियो ।

गत अवधिमा कोरोना महामारीका कारण लामो समयसम्म निषेधाज्ञा र बन्दाबन्दी भएको तर समीक्षा अवधिमा सो निषेधाज्ञा तथा बन्दाबन्दी केही हदसम्म सामान्य भएकोले घरजग्गा रजिष्ट्रेशन संख्या, घर/भवन स्थायी नक्सा पास संख्या र घरजग्गा रजिष्ट्रेशन राजश्वमा वृद्धि भएको हो ।

## ४.३ वित्तीय सेवा

यस प्रदेशमा वाणिज्य बैंकका १९०, विकास बैंकका १७, वित्त कम्पनीका ४ तथा लघुवित्त वित्तीय संस्थाका १९५ गरी ४०६ शाखा सञ्चालनमा छन् । यसमध्ये सुर्खेतमा सबैभन्दा बढी १३२ तथा मुगुमा सबैभन्दा कम १० शाखा सञ्चालनमा छन् । यस सम्बन्धी विस्तृत विवरण तल उल्लेखित तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.१ : बैंक तथा वित्तीय संस्थाका शाखाहरु**

| जिल्ला | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | **जम्मा** |
|---|---|---|---|---|---|
| डोल्पा | १० | | | २ | १२ |
| मुगु | ७ | | | ३ | १० |
| हुम्ला | ९ | १ | | २ | १२ |
| जुम्ला | १९ | १ | | १२ | ३२ |
| कालिकोट | ११ | | | १० | २१ |
| दैलेख | २१ | १ | | २५ | ४७ |
| जाजरकोट | ९ | १ | | १४ | २४ |
| रुकुम( पश्चिम) | १८ | १ | १ | २६ | ४६ |
| सल्यान | २६ | ४ | १ | ३९ | ७० |
| सुर्खेत | ६० | ८ | २ | ६२ | १३२ |
| **जम्मा** | **१९०** | **१७** | ४ | **१९५** | **४०६** |

*श्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप पौष मसान्तसम्ममा ३७.३७ प्रतिशतले वृद्धिभई रु. ४३ अर्ब ४३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १९.१९ प्रतिशतले वृद्धि भएको थियो ।


समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको कुल कर्जा पौष मसान्तसम्ममा २१.३९ प्रतिशतले वृद्धिभई रु. ४२ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ३२.४५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिको अन्त्यमा कर्जा निक्षेप अनुपात ९८.२० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १११.१३ प्रतिशत रहेको थियो । निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ :कर्जा निक्षेप अनुपात (रु दश लाखमा)**

| आर्थिक वर्ष | कर्जा | निक्षेप | अनुपात |
|---|---|---|---|
| २०७५/७६ (साउन-पुस) | २६,५२४.६६ | २६,५२५.७५ | १००.०० |
| २०७६/७७ (साउन-पुस) | ३५,१३२.५४ | ३१,६१५.२७ | १११.१३ |
| २०७७/७८ (साउन-पुस) | ४२,६४८.०७ | ४३,४३०.०० | ९८.२० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

**चार्ट ४.१: निक्षेप तथा कर्जा (रु दशलाखमा)**




*स्रोत : नेपाल राष्ट्र बैंक*

## ४.४ यातायात तथा सञ्चार

समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा २.८३ प्रतिशतले घटेको छ । यसमध्ये मोटरसाईकल संख्या ८.५४ प्रतिशतले घटेको छ भने अन्य सवारी साधन संख्या ३२.२३ प्रतिशतले वृद्धि भएको छ । यस प्रदेशमा जुम्लाका अतिरिक्त हाल सुर्खेतमा पनि यातायात व्यवस्था कार्यालयको स्थापना भएको छ । कोभिड-१९ महामारीको कारण लामो समयसम्म बन्दाबन्दी तथा निषेधाज्ञा कायम रहँदा समीक्षा अवधिमा सुबिधामुलक सवारी साधानको संख्या घटेको तर अन्य सवारी साधनको संख्यामा बृद्धि भएको हो ।

कोभिड-१९ महामारीको कारण लामो समयसम्म बन्दाबन्दी तथा निषेधाज्ञा कायम रहँदा समीक्षा अवधिमा यस प्रदेशमा वितरित टेलिफोनको संख्यामा ०.०३ प्रतिशतले ह्रास आएको छ ।

## ४.५ शिक्षा तथा स्वास्थ्य

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी परिपत्र अनुसार एउटै भौगोलिक क्षेत्र भित्र सञ्चालित सरकारी/सामुदायिक विधालय एक आपसमा मर्ज गर्न सकिने प्रावधान अनुरुप समीक्षा अवधिमा यस प्रदेशका सरकारी/सामुदायिक विधालयको संख्यामा ०.९१ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा १.९५ प्रतिशतले ह्रास आएको थियो

। समीक्षा अवधिमा विश्वविद्यालयमा आबद्ध भएका विधार्थी संख्यामा ०.०३ प्रतिशतले वृद्धि भएको छ भने शिक्षक संख्यामा ०.४३ प्रतिशतले कमि आएको छ । गत वर्षको सोही अवधिमा विधार्थी संख्यामा २०.३० प्रतिशत र शिक्षक संख्यामा ४ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ४.३ : शिक्षा सेवा**

| विवरण | आ.व. २०७५/७६ (साउन-पुस) | आ.व. २०७६/७७ (साउन-पुस) | आ.व. २०७७/७८ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **१. सरकारी/सामुदायिक विद्यालय** | | | | | |
| विद्यालय संख्या | २,८१४ | २,७५९ | २,७३४ | -१.९५ | -०.९१ |
| विद्यार्थी संख्या | ३,९९,३०९ | ४,१०,८११ | ४,१६,६७४ | २.८८ | १.४३ |
| शिक्षक संख्या | ९,२१५ | ९,१८६ | ९,५२४ | -०.३१ | ३.६८ |
| **२. संस्थागत/निजी विद्यालय** | | | | | |
| विद्यालय संख्या | १६१ | १८३ | १८३ | १३.६६ | ०.०० |
| विद्यार्थी संख्या | ३६,८५८ | ३९,०४८ | ३६,०६५ | ५.९४ | -७.६४ |
| शिक्षक संख्या | १,३९१ | १,५१९ | १,५१८ | ९.२० | -०.०७ |
| **३. प्राविधिक शिक्षालय** | | | | | |
| शिक्षालय संख्या | | | ४४ | ०.०० | ०.०० |
| विद्यार्थी संख्या | | | १,२२६ | ०.०० | ०.०० |
| शिक्षक संख्या | | | | ०.०० | ०.०० |
| **४. विश्वविद्यालयमा आबद्ध भएका क्याम्पस** | | | | | |
| क्याम्पस संख्या | १४ | १५ | १५ | ७.१४ | ०.०० |
| विद्यार्थी संख्या | ६,१४४ | ७,३९१ | ७,३९३ | २०.३० | ०.०३ |
| शिक्षक संख्या | २२५ | २३४ | २३३ | ४.०० | -०.४३ |

*स्रोतः शिक्षा निर्देशनालय, सुर्खेत, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद, कर्णाली प्रदेश, शिक्षा क्याम्पस सुर्खेत, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, केन्द्रीय कार्यालय, सुर्खेत*

समीक्षा अवधिमा यस प्रदेशका सरकारी/सामुदायिक अस्पतालको संख्या १५ छ भने गत वर्षको सोही अवधिमा यस्तो अस्पतालको संख्या १४ थियो । साथै, समीक्षा अवधिमा चिकित्सकको संख्यामा २९.७३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा १२.१२ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ४.४ :स्वास्थ्य सेवा**

| **विवरण** | आ.व. २०७५/७६ (साउन-पुस) | आ.व. २०७६/७७ (साउन-पुस) | आ.व. २०७७/७८ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **१. सरकारी/सामुदायिक अस्पताल** | | | | | |
| अस्पताल संख्या | १३ | १४ | १५ | ७.६९ | ७.१४ |
| चिकित्सक संख्या | १६५ | १८५ | २४० | १२.१२ | २९.७३ |
| शैया संख्या | ७३५ | ८७४ | ८७४ | १८.९१ | ०.०० |
| **२. निजी अस्पताल** | | | | | |
| अस्पताल संख्या | ८ | ९ | ११ | १२.५० | २२.२२ |
| चिकित्सक संख्या | १९ | २३ | २७ | २१.०५ | १७.३९ |
| शैया संख्या | १२१ | १२४ | १३२ | २.४८ | ६.४५ |

*स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, कणाली प्रदेश र निजि अस्पताल*

### ४.६ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ३.०४ प्रतिशतले वृद्धि भई रु. ३२ अर्ब ३३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८६.८२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ७६.३९ प्रतिशत रहेको छ ।

कुल सेवा कर्जामध्ये वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी २०.४९ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम अन्य सेवा क्षेत्रमा ९.४४ प्रतिशतले वृद्धि भएको छ । साथै, स्थानीय सरकार कर्जा क्षेत्रमा ९६.०९ प्रतिशत र अन्य कर्जा क्षेत्रमा ११.५३ प्रतिशतले ह्रास आएको छ । यसैगरी, यातायात, भण्डारण र सञ्चार क्षेत्रमा १९.७१ प्रतिशत, थोक तथा खुद्रा विक्रेता क्षेत्रमा १४.०१ प्रतिशत र पर्यटन क्षेत्रमा १४.२५ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ४.५: क्षेत्रगत कर्जा (रु.दश लाखमा)**

| विवरण | आ.व. २०७५/७६ (साउन-पुस) | आ.व. २०७६/७७ (साउन-पुस) | आ.व. २०७७/७८ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ६१८.४६ | ८१०.४९ | ९७०.२२ | ३१.०५ | १९.७१ |
| थोक तथा खुद्रा विक्रेता | ८,५२०.२८ | ११,९२२.१८ | १३,५९१.९२ | ३९.९३ | १४.०१ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २५३.४२ | ३,३०५.३२ | ३,९८२.५९ | १२०४.२९ | २०.४९ |
| पर्यटन | ७०८.६३ | ९७०.०३ | १,१०८.२२ | ३६.८९ | १४.२५ |
| अन्य सेवा | ४७९.७८ | ८३२.४४ | ९११.०७ | ७३.५१ | ९.४४ |
| उपभोग्य कर्जा | १,९४८.४८ | २,२२६.६९ | २,१८४.९९ | १४.२८ | - १.८७ |
| स्थानीय सरकार | - | ५०२.१४ | १९.६२ | | -९६.०९ |
| अन्य | ४,२६९.५६ | १०,८१४.४५ | ९,५६८.०८ | १५३.२९ | - ११.५३ |
| **कुल सेवा कर्जा** | **१६,७९८.६१** | **३१,३८३.७३** | **३२,३३६.७१** | **८६.८२** | **३.०४** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### ४.७ सेवा क्षेत्रका चुनौती र सम्भावना

#### ४.७.१ चुनौती

- कोभिड-१९ महामारीको प्रभाव यथावत नै रहेकोले आन्तरिक तथा बाह्य पर्यटनलाई प्रोत्साहित गरी पर्यटन व्यावसायको प्रवर्दन गर्नु ।
- कोभिड-१९ महामारीको प्रभाव कायमै रहँदा यातायात तथा सञ्चार, शिक्षा तथा स्वास्थ्य, सडक, विद्युत लगायतका पूर्वाधारहरुको अपेक्षित रुपमा विकास गर्नु ।
- बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति गाउँपालिका तथा नगरपालिकासम्म पुगेतापनि माग पक्षबाट हुने वित्तीय पहुँच अभिवृद्धि गर्दै वित्तीय साक्षरता मार्फत वित्तीय क्षेत्रको योगदान बढाउनु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै यस प्रदेशमा पर्यटकीय जनशक्तिको विकास गरी पर्यटन क्षेत्रको योगदान बढाउदै जानु ।
- पर्यटन व्यवसायको प्रचूर सम्भावना भएतापनि मनोरञ्जनात्मक क्रियाकलाप लगायतका पूर्बाधारहरुको उपयुक्त निर्माण तथा व्यवस्थापन नभएकोले आन्तरिक तथा वाह्य पर्यटकहरुको घुम्ने अवधि बढाउनु आफैँमा चुनौतीपूर्ण रहेको छ ।

- कठिन भौगोलिक बनावटले सडक तथा बाटोको सहज पहुँच नहुँदा यातायातका साधनहरु सञ्चालन जोखिमपूर्ण रहेकोले मानिसहरु आवत जावत गर्न र उत्पादित वस्तु ल्याउने-लैजाने कार्य गर्नु ।
- न्यून रोजगारी तथा न्यून आयस्तरको कारणले शिक्षाको पहुँचमा आउन नसकेको वर्गलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- स्वास्थ्य संस्थाहरुको अभाव तथा स्वास्थ्यकर्मीहरुको न्यून उपस्थितिले गुणस्तीरय स्वास्थ्य सेवा प्रदान गर्ने कार्य निकै चुनौतीपूर्ण रहेको छ ।

**४.७.२ सम्भावना**

- यस प्रदेशमा शे-फोक्सुण्डो, रारा, बुलबुले ताल, काकेविहार लगायतका पर्यटकीय क्षेत्र रहेकोले पर्यटन विकासको उच्च सम्भावना रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाहरुको उपलब्धता साथै वित्तीय पहुँचको अवस्था नाजुक रहेकोले साना तथा मझौला क्षेत्रको विकास गर्दै कर्जा विस्तारको सम्भावना उच्च रहेको छ ।
- सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको विकास भई रोजगारी बढ्ने सम्भावना रहेको छ ।
- सडक विस्तार तथा निर्माण गर्दै यातायातका साधनहरुको सञ्चालनमा वृद्धि भएमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- स्वास्थ्य संस्थाहरु बृद्धि गर्दा र भएका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मी खटाउन सकेमा स्वास्थ्य क्षेत्रमा उत्पादित जनशक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- यो प्रदेश शिक्षा क्षेत्रमा पिछडिएकोले शिक्षा क्षेत्रको विस्तार र विकास गर्न सकिने सम्भावना उच्च रहको छ ।

# परिच्छेद ५
# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

प्रदेशका सडक सञ्जालमा राजमार्ग र सहायक राजमार्ग गरी करीब २,७२५ कि.मि. सडक सञ्चालनमा रहेको छ । सञ्चालनमा रहेका सडकहरुको उपयुक्त स्तरमा मर्मत-संभार, सुधार तथा पुनर्स्थापना गरी सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाउन आवश्यक रहेको छ । सडक पूर्वाधारको कमी तथा भौगोलिक अवस्थाले गर्दा यातायातको पहुँचको रुपमा हवाई सेवाको भूमिका यस प्रदेशमा महत्वपूर्ण रहेको छ । यस प्रदेशमा रहेका ८ वटा विमानस्थलमध्ये ७ वटा विमानस्थल सञ्चालनमा छन् भने कालिकोटको सुनथराली विमानस्थल सञ्चालनमा आउन बाँकी रहेको छ ।

कर्णाली, तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययन अनुसार जलविद्युत उत्पादन क्षमता करिब १८,००० मेगावाट रहेतापनि हालसम्म ११.०५ मेगावाट जलविद्युत मात्र राष्ट्रिय ग्रिडमा आवद्ध छ ।

## ५.२ वैदेशिक रोजगारी

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय अन्तरर्गत वैदेशिक रोजगार विभागद्धारा प्रकाशित प्रतिबेदन अनुसार आर्थिक वर्ष २०७६/७७ मा कर्णाली प्रदेशबाट ११ हजार ६ सय २३ जना वैदेशिक रोजगारीमा गएका थिए । त्यस मध्ये सबैभन्दा वढी ३७८४ जना सल्यान जिल्ला र सबैभन्दा कम ५० जना हुम्ला जिल्लाबाट वैदेशिक रोजगारीमा गएको देखिन्छ । तर खुला सिमानाका कारणले यस प्रदेशका विभिन्न क्षेत्रहरुबाट मौसमी कामका लागि उल्लेख्य संख्यामा छिमेकी देश भारत जाने गरेका भएता पनि त्यसका आधिकारिक तथ्याङ्क उपलब्ध हुन सकेको छैन ।

**तालिका ५.१ :रोजगारी विवरण**

| जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| दैलेख | १,२३७ | ३५ | १,२७२ |
| डोल्पा | ४९ | १४ | ६३ |
| हुम्ला | ४७ | ३ | ५० |
| जाजरकोट | ८८४ | १८ | ९०२ |
| जुम्ला | २५३ | ५ | २५८ |
| कालिकोट | २९० | १० | ३०० |
| मुगु | ११५ | ३ | ११८ |
| रुकुम | २,३६४ | १०८ | २,४७२ |
| सल्यान | ३,६८१ | १०३ | ३,७८४ |
| सुर्खेत | २,२९१ | ११३ | २,४०४ |
| **जम्मा** | | | **११,६२३** |

*स्रोत: वैदेशिक रोजगार विभाग*

## ५.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ५.३.१ चुनौती

- निर्धारित समयमा प्रदेशका सबै जिल्लाहरुमा राजधानी सुर्खेतबाट सहज तथा सुलभ सडक र हवाई सञ्जालको विकास गर्नु ।
- कठिन भू-बनोटको कारणले अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पूर्ननिर्माण कार्यहरुको लागत अत्याधिक हुनु ।

- कठिन भू-बनोटले सडक बिकासका सम्भावना कम भएका क्षेत्रहरुमा यातायातका बैकल्पिक माध्यमहरुको प्रयोग सम्बन्धी अध्ययन गर्नु ।
- विमानस्थलहरुको विस्तार तथा उचित व्यवस्थापन गर्नु ।
- कर्णाली प्रदेशमा रहेका जलाधारहरुको उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडी बढाउने ।
- सडक मार्ग, जलविद्युत उत्पादन तथा प्रसारण र विमानस्थल लगायतका पूर्वाधारको विकास गरी केन्द्र, प्रदेश र स्थानिय निकायबीच आपसी समन्वय गर्नु .।

**५.३.२ सम्भावना**

- पूर्वाधार लगानीमा द्विपक्षीय तथा बहुपक्षिय विकास साझेदारहरुको प्रमुख चासो रहेकोले उनीहरुलाई विश्वासमा लिई पूर्वाधार क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।
- पर्यटन व्यवसायको उपयुक्त गन्तव्य तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण भौगौलिक बनावट रहेकोले आन्तरिक तथा बाह्रय पर्यटक भित्र्याउन सकिने सम्भावना उच्च रहेको छ ।
- कठिन भू-बनोटले सडक बिकासका सम्भावना कम भएका क्षेत्रमा  सुरुङ्ग मार्ग, केबलकारको प्रयोगको सम्भावना रहेको छ ।
- कर्णाली, भेरी लगायतका ठूला हिमनदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादन गरि रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- यो प्रदेश बन पैदावर तथा जडिबुटीजन्य बस्तुहरुका उत्पादनको भण्डार भएकोले त्यस्ता बस्तुहरुलाई प्रसोधन गरी औषधिजन्य बस्तुकोरुपमा उत्पादन तथा बिक्री वितरण गर्न सकिने सम्भावना उच्च रहेको छ ।

## परिच्छेद ६

## आर्थिक परिदृष्य

### ६.१ कृषि उत्पादन

कोभिड-१९ को दोस्रो लहरको चुनौती रहेतापनि आर्थिक वर्षको मध्यावधि सम्ममा कोभिड-१९ को प्रभाव र असर विस्तारै घट्दै गएको, वैदेशिक रोजगारीबाट स्वदेश फर्केर अधिकांश कृषि पेशामै लाग्ने गरेको र नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रमा प्रवाह हुने कर्जा लगायतका अन्य सकारात्मक नीति लिएका कारण समग्र कृषि उत्पादन बढ्न सक्ने आँकलन गरिएको छ ।

### ६.२ सेवा क्षेत्र

कोभिड-१९ को दोस्रो लहरको चुनौती रहेतापनि आर्थिक वर्षको मध्य अवधी सम्ममा निषेधाज्ञा तथा बन्दाबन्दीको अवस्था पूर्णतया अन्त्य भई पर्यटक आगमनमा विस्तारै वृद्धि हुँदा पर्यटन आम्दानी बढ्ने, होटल तथा रेष्टुरेन्ट व्यवसाय विस्तारै खुल्ने, बैंक तथा वित्तीय संस्थाहरुको कारोबारमा (कर्जा तथा निक्षेप) समेत विस्तार हुने र शिक्षा क्षेत्रको गतिविधी चलायमान हुँदै जाने कारणहरुले समग्र सेवा क्षेत्रको आम्दानी बढ्ने देखिन्छ ।

### ६.३ पूर्वाधार क्षेत्र

कोभिड-१९ को प्रभाव कम हुँदै जाँदा पूर्वाधार क्षेत्रको निर्माणमा विस्तार हुँदैजाने र सो क्षेत्रका मजदुरहरुको आम्दानी बढ्ने, निर्माण समाग्रीहरुको उत्पादनमा वृद्धि हुँदै जाने र यस प्रदेशमा रहेका निर्माण सम्बन्धी बाँकी कार्यहरुले गति लिएका कारण पूर्वाधार क्षेत्रमा सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ । यद्यपि कोभिड-१९ को दोस्रो लहरको संभावना कायमै रहेकोले सो कार्य चुनौतीपूर्ण भने रहेको छ ।

***